बैठक संख्या - ७३
मिति: २०७९।०२।१७

**प्रस्तावहरु:**

१. बिगतको निर्णय र योजना तथा कार्यक्रम कार्यान्वयनको समिक्षा सम्बन्धमा।
२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन सम्बन्धमा।
३. स्थानीय राजस्व परामर्श समिति गठन सम्बन्धमा।
४. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने सम्बन्धमा।
५. नगरपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्बन्धमा।
६. वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्बन्धमा।
७. विषयगत समितिहरु गठन गर्ने सम्बन्धमा।
८. न्यायिक समिति गठन सम्बन्धमा।
९. नगर शिक्षा समितिको पुनर्गठन सम्बन्धमा।
१०. विविध।

**निर्णयहरु:**

**निर्णय नं. १**- आ.व. २०७८/७९ का योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था र गत कार्यपालिकाका निर्णयहरु कार्यान्वयनको समिक्षा गरीयो।

**निर्णय नं.२**- नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयबाट प्राप्त हुने आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ बमोजिम देहायको **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति** गठन गर्ने।

| | |
|---|---|
| नगर प्रमुख | -संयोजक |
| नगर उप प्रमुख | -सदस्य |
| जुद्ध बहादुर थापा (वडा नं. १३ अध्यक्ष) | -सदस्य |
| ईम बहादुर सेन (वडा नं. ८ अध्यक्ष) | -सदस्य |
| शिव वहादुर थापा (वडा नं. ४ अध्यक्ष) | -सदस्य |
| अनिता रुचाल (कार्यपालिका सदस्य) | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

**निर्णय नं.३-** नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि स्थानीय सरकार संचालन ऐन २०७४ **को दफा ६५ मा उल्लेखि भए बमोजिम** काम, कर्तव्य र अधिकार रहने गरी देहायको **स्थानीय राजस्व परामर्श समिति गठन गर्ने।**

| | |
|---|---|
| नगर उप प्रमुख | -संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| अर्जुन कुमार कार्की (वडा नं. ५ अध्यक्ष) | -सदस्य |
| राजेन्द्र प्रसाद श्रेष्ठ (वडा नं. ३ अध्यक्ष) | - सदस्य |
| यसोदा देवी पौडेल अर्याल (कार्यपालिका सदस्य) | -सदस्य |
| स्थानीय उद्योग बाणिज्य संघको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| स्थानीय नेपाल चेम्बर अफ कमर्सको प्रमुख वा प्रतिनिधि | -सदस्य |
| घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | -सदस्य |
| राजस्व शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं.४-** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको **प्रक्षेपण र वितरणको खाका** तथा बजेट सीमामा आधारित भई स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा गर्न **स्थानीय सरकार संचालन ऐन** २०७४ को दफा ६७ बमोजिम हुने गरी देहायको **बजेट तथा कार्यक्रम तर्जुमा समिति** गठन गर्ने।

| | |
|---|---|
| नगर उप प्रमुख | -संयोजक |
| विषयगत समितिका संयोजकहरु | -सदस्य |
| चिजा दर्जी (कार्यपालिका सदस्य) | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. ५-** स्थानीय तहबाट संचालित आयोजना तथा **कार्यक्रमको लागत, परिमाण समय सीमा र गुणस्तरको** आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहायको **नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति** गठन गर्ने।

| | |
|---|---|
| नगर उप प्रमुख | -संयोजक |
| उत्तम प्रसाद श्रेष्ठ (वडा नं. १ अध्यक्ष) | -सदस्य |
| भोज बहादुर कुमाल (कार्यपालिका सदस्य) | -सदस्य |
| सारदा नेपाली (वडा नं. १३ सदस्य) | -सदस्य |

2075/2/16

2/16

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. ६**- वडा भित्र संचालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहायको **वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण** समिति गठन गर्ने ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडाध्यक्ष | -संयोजक |
| वडा सदस्यहरु | -सदस्य |
| वडा सचिव | -सदस्य सचिव |

**निर्णय नं. ७**- नगरपालिकाको कामलाई व्यवस्थित ढंगले संचालन गर्न र सम्बन्धित विषयगत शाखाहरु मार्फत संचालन हुने आयोजना तथा कार्यक्रमहरुलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४, स्थानीय तहको बजेट तर्जुमा दिगदर्शन २०७८ को दफा ४.६.४ एवम् पुतलीबजार नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४ को नियम १४ बमोजिम देहाय बमोजिमको विषयगत समिति गठन गर्ने ।

**क. आर्थिक विकास समिति** (कृषि, सिंचाई, पशु सेवा, उद्योग व्यापार, पर्यटन, सहकारी, कृषि बजार आयोजना)

| | |
|---|---|
| मनोज पौडेल (वडा नं. ११ अध्यक्ष) | -संयोजक |
| केशव वहादुर घर्ति (कार्यपालिका सदस्य) | -सदस्य |
| राम प्रसाद ढकाल (वडा नं. १४ सदस्य) | -सदस्य |
| बालकुमारी आले (वडा नं. ५ सदस्य) | -सदस्य |
| दोक कुमारी मल्ल (वडा नं. १२ सदस्य) | -सदस्य |
| सम्बन्धित क्षेत्रका विषयगत शाखा/उपशाखा/एकाई प्रमुख | -सदस्य |
| उद्योग, पर्यटन शाखा प्रमुख | -सदस्य सचिव |

**ख. सामाजिक विकास समिति** (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, महिला बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदी)

२०८३।२।१६

२।१६

ईम बहादुर सेन (वडा नं. ८ अध्यक्ष) -संयोजक
राजेन्द्र प्रसाद श्रेष्ठ (वडा नं. ३ अध्यक्ष) -सदस्य
सविता नेपाल (वडा नं. ३ सदस्य) -सदस्य
सन्तोश रेग्मी (वडा नं. ५ सदस्य) -सदस्य
सम्बन्धित क्षेत्रका विषयगत शाखा/उपशाखा/एकाई प्रमुख -सदस्य
शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**ग. पुर्वाधार विकास समिति (सडक तथा पुल, भवन तथा सहरी विकास, उर्जा लघु तथा साना जलविद्युत, संचार आदी)**

अर्जुन कुमार कार्की -संयोजक
रविविक्रम के.सी. (वडा नं. ७ सदस्य) -सदस्य
सुनिता नेपाली (वडा नं. ११ सदस्य) -सदस्य
सुक बहादुर गुरुङ (वडा नं. २ सदस्य) - सदस्य
सम्बन्धित क्षेत्रका विषयगत शाखा/उपशाखा/एकाई प्रमुख -सदस्य
पुर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव

**घ. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति (वन, भु तथा जलाधार संरक्षण, जलवायु परिवर्तन अनुकुलन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन आदि)**

जितेन्द्र प्रकाश मल्ल (वडा नं. १४ अध्यक्ष) -संयोजक
संजिता नेपाल अर्याल (कार्यपालिका सदस्य) -सदस्य
सोम बहादुर कुंवर (वडा नं. ३ सदस्य) -सदस्य
राम बहादुर थापा (वडा नं. १० सदस्य) -सदस्य
सम्बन्धित क्षेत्रका विषयगत शाखा/उपशाखा/एकाई प्रमुख -सदस्य
वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव

**ङ. सुशासन तथा संस्थागत विकास समिति (संगठन तथा मानव संशासन, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्व,**

२०७५।२।१८

२।१८

आन्तरिक तथा अन्तिम लेखापरीक्षण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तरनिकाय समन्वय आदि)

कृष्ण बहादुर आले (वडा नं. ७ अध्यक्ष) -संयोजक
अशोक कुमार रेग्मी (वडा नं. ११ सदस्य) -सदस्य
विष्णु कुमार श्रेष्ठ (वडा नं. १ सदस्य) -सदस्य
सिता भुजेल (वडा नं. ६ सदस्य) - सदस्य
सम्बन्धित क्षेत्रका विषयगत शाखा/उपशाखा/एकाई प्रमुख -सदस्य
प्रशासन शाखा प्रमुख -सदस्य सचिव

**निर्णय नं.** ८- कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्ने नेपालको संविधानको धारा २१७ बमोजिम नगर सभाबाट अनुमोदन हुनेगरी देहायका सदस्यहरुलाई न्यायिक समितिको सदस्यमा मनोनयन गर्ने।

रबिना विश्वकर्मा (वडा नं. ५ सदस्य)
सुरेन्द्र केसी (वडा नं. ४ सदस्य)

**निर्णय नं.** ९- नगरपालिकामा शिक्षा क्षेत्रको व्यापक सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। शिक्षा क्षेत्रको संचालन र व्यवस्थापनको लागि नगरपालिकाबाट स्थानीय शिक्षा ऐन २०७५ जारी गरिएकोमा उक्त ऐनमा भएका व्यवस्थाहरु संघीय शिक्षा ऐन २०२८ संग बाझीएको हुनाले स्थानीय शिक्षा ऐन २०७५ कार्यान्वयन नगर्ने नगराउने र संघीय शिक्षा ऐन २०२८ बमोजिम सबै कामहरु संचालन गर्ने। स्थानीय शिक्षा ऐन २०७५ बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिहरु र शिक्षक अभिभावक संघहरु बिघटन गर्ने र कानूनी व्यवस्था बमोजिम विद्यालय व्यवस्थापन समिति पुनर्गठन नभए सम्मलाई सम्बन्धित वडा समितिले विद्यालय व्यवस्थापन समितिको रुपमा कार्य गर्ने र संघीय शिक्षा ऐन २०२८ को दफा ११ (ट) बमोजिम नगर प्रमुख ज्यूको अध्यक्षतामा गठन हुने नगर शिक्षा समितिको सदस्यमा देहायबमोजिम मनोनयन गर्ने।

ईम बहादुर सेन (सामाजिक विकास समिति संयोजक)
पवित्रादेवी शर्मा लम्साल (वडा नं. १ सदस्य)
मुक्ति प्रसाद रेग्मी (त्रि.आ.मा.वि.)
देवीसरा काफ्ले अर्याल (पाणिनी गुरुकुल आश्रम)
शिक्षा शाखा प्रमुख –सदस्य सचिव

**निर्णय नं. १०-** विविध प्रस्तावहरुमा भएका निर्णयहरुः

क. नगरपालिकाका वडा कार्यालयहरुमा जनशक्तिको पर्याप्तता नभएका कारण सेवा प्रवाहमा कठिनाई भैरहेको छ। नगर कार्यपालकाको कार्यालयबाट यस अगाडी रिक्त ७ जना सहायक कम्प्यूटर अपरेटर पद

२०७६/२/१६

२/१५

मा कर्मचारी छनोटको लागि विज्ञापन भई छनोटको प्रकृया हाल रोकीएको अवस्थामा रहेको छ। कार्यालयको दरबन्दी अवस्था अनुसार थप १ जना सहायक
कम्प्यूटर अपरेटर पद रिक्त रहेको पाईएकोले सोही पद समेत समावेश हुनेगरी उक्त विज्ञापनलाई पुन: आवेदनको अवसर दिने र पहिले नै आवेदन भैसकेका उम्मेदवारहरुको हकमा सोहि आवेदनलाई नै आधार मानी एकमुस्ट रुपमा सर्ट लिस्ट गरी प्रचलित कानूनी प्रकृया बमोजिम कर्मचारी भर्नाको प्रकृया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ख. नगरपालिकाले निर्माण गरेको कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम स्थानीय निकायमा भर्ना भई हाल स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको तह वृद्दि र ग्रेड वृद्दिको सुविधा प्रदान गरिएकोमा प्रदेश लोकसेवा आयोग गण्डकी प्रदेशको च.नं. २४२ मिति २०७८/१२/१३ को पत्रबाट उक्त ऐन र ऐन बमोजिम भएका बढुवा तथा तह वृद्धि लगायतका सबै काम बदर गरिएकोमा नगर कार्यपालिकाको मिति २०७९।०१।०८ को वैठकबाट ऐन बदर सम्बन्धमा न्ययिक निकायमा जाने र न्यायिक निकायबाट निर्णय नभएसम्मका लागि उक्त ऐन बमोजिम गर्ने गरी निर्णय भएको छ। प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेशको च.नं. २८३ मिति २०७९।०२।१६ मा लोकसेवा आयोगको ऐन बदर सम्बन्धी पत्रको काम कारबाहीबारे यथाशिघ्र जानकारी गराईदिनुहुन भनि पुन: पत्र प्राप्त भएको छ। स्थानीय तहका लागि कर्मचारीको छनोट तथा कर्मचारी व्यवस्थापन सम्बन्धमा परामर्श दिने लगायतको जिम्मेवारी रहेको प्रदेश लोकसेवा आयोगले गरेको कानूनबमोजिमको निर्णय कार्यान्वयन गर्नुपर्ने हुन्छ। अत: नगर कार्यपालिकाको मिति २०७९।०१।०८ को निर्णय नं. ५ कार्यान्वयन नगरी प्रदेश लोकसेवा आयोगको च. नं. २४२ मिति २०७८।१२।१३ बमोजिम भएको निर्णय तत्काल कार्यान्वयन गरी जानकारी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ग. नगर कार्यपालिकाको कामलाई व्यवस्थित गर्न नगरपालिकाको कार्यसम्पादन नियमावली २०७५ को नियम १७ बमोजिम कार्यपालिकाको कार्य तथा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने र कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य, विज्ञप्ति आदि सार्वजनिक गर्ने कार्य गर्नका लागि वडा नं. ११ का वडा अध्यक्ष श्री मनोज पौडेललाई पुतलीबजार नगरपालिकाको प्रवक्तामा मनोनयन गर्ने।

२०७९।२।१६

२।१६